जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक ३१८ • २०८३ भदौ २१ गते आईतवार • 6 Sep. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

# १५१ औं मासिक कविगोष्ठी जनकपुरधाममा सम्पन्न



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २० भदौ**

मैथिली साहित्य समाज जनकपुरधामद्वारा आयोजित १५१ औं मासिक कविगोष्ठी शनिबार जनकपुरधाममा सम्पन्न भएको छ।

कृष्णाष्टमीको अवसर पारेर आयोजित कविगोष्ठीमा मैथिली भाषा, साहित्य, संस्कृति र सिर्जनाका विविध पक्षमाथि चर्चा गर्दै साहित्यकारहरूले आफ्ना रचना प्रस्तुत गरेका थिए। पुरानो मिनाप परिसरमा आयोजित कार्यक्रममा मैथिली साहित्यप्रेमी, साहित्यकार तथा स्रष्टाहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा सहभागी कवि तथा स्रष्टाहरूले कविता, गीतलगायत विभिन्न साहित्यिक रचना प्रस्तुत गर्दै मैथिली भाषाको संरक्षण, प्रवर्द्धन र पुस्तान्तरणको आवश्यकतामाथि जोड दिएका थिए । कार्यक्रमका संयोजक काशीकान्त झा 'रसिक'ले नियमित रूपमा हुँदै आएको मासिक कविगोष्ठीले मैथिली साहित्यमा निरन्तर सिर्जनाको वातावरण निर्माण गर्न महत्वपूर्ण भूमिका खेलिरहेको बताए ।

उनले मैथिली साहित्य समाजले लामो समयदेखि मैथिली भाषा र साहित्यको विकासका लागि निरन्तर गतिविधि गर्दै आएको उल्लेख गर्दै मासिक कविगोष्ठीलाई नयाँ तथा पुराना स्रष्टाबीच सिर्जनात्मक संवादको माध्यमका रूपमा अघि बढाइएको बताए। झाका अनुसार साहित्यिक गतिविधिलाई निरन्तरता दिँदै नयाँ पुस्तालाई मैथिली भाषा र साहित्यसँग जोड्नु अहिलेको प्रमुख आवश्यकता हो । उनले भने, 'मैथिली साहित्यको समृद्ध परम्परालाई जोगाउँदै नयाँ पुस्ताका स्रष्टालाई प्रोत्साहन गर्न यस्ता नियमित साहित्यिक कार्यक्रमले महत्वपूर्ण आधार तयार गर्छन् ।' कृष्णाष्टमीकै दिन १५१औं श्रृंखलासम्म आइपुग्नु कार्यक्रमको निरन्तरताका दृष्टिले पनि महत्वपूर्ण भएको आयोजकले जनाएको छ ।

मैथिली साहित्यमा नयाँ सिर्जनालाई प्रोत्साहन गर्ने तथा स्रष्टाहरूलाई आफ्ना रचना प्रस्तुत गर्ने अवसर प्रदान गर्ने उद्देश्यले मासिक कविगोष्ठी आयोजना हुँदै आएको छ ।

कार्यक्रममा मैथिली भाषा तथा साहित्यको वर्तमान अवस्था, सिर्जनाका नयाँ प्रवृत्ति र साहित्यिक गतिविधिलाई थप प्रभावकारी बनाउने विषयमा समेत विचार विमर्श गरिएको थियो ।

# श्रीकृष्णजन्माष्टमीका अवसरमा प्रदेशवासी सहित देशविदेशमा रहेका नेपालीमा शुभकामना व्यक्त

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २० भदौ**





मधेश प्रदेशका प्रदेश प्रमुख सुरेन्द्रलाभ कर्ण र मुख्यमन्त्री कृष्णप्रसाद यादवले श्रीकृष्णजन्माष्टमीका अवसरमा प्रदेशवासी सहित देशविदेशमा रहेका नेपालीमा शुभकामना व्यक्त गर्नुभएको छ । शुभकामना सन्देशमा उहाँहरूले पर्वले सामाजिक एकता, भाइचारा, सद्भाव तथा सेवाभावलाई थप मजबुत बनाउने विश्वास व्यक्त गर्नुभएको छ ।

प्रदेश प्रमुख कर्णले देशका विभिन्न भागमा बाढीका कारण ठुलो जनधनको क्षति भएको विषम परिस्थितिप्रति दुःख व्यक्त गर्दै विपत्मा परेका नागरिकलाई सहयोग तथा राहत पु-याउनु सबैको दायित्व भएको बताउनुभएको छ। प्रदेश प्रमुख कर्णले शुक्रबार जारी गर्नुभएको शुभकामना सन्देशमा विपत्को कठिन परिस्थितिमा सम्पूर्ण नागरिकको हृदय मर्माहत भएको उल्लेख गर्नुभएको हो। भगवान् श्रीकृष्णको जीवन तथा श्रीमद्भागवत गीताको उपदेशले सङ्कटको घडीमा विचलित नभई कर्तव्यपथमा दृढ रहन र निःस्वार्थ मानवसेवामा समर्पित हुन प्रेरणा दिने प्रदेश प्रमुख कर्णले बताउनुभएको छ ।

विपत्मा परेका देशवासीप्रति सहानुभूति प्रकट गर्दै उनीहरूको सहयोगमा जुट्नु तथा उच्च मनोबलका साथ अघि बढ्नु नै श्रीकृष्णप्रतिको सच्चा भक्ति र जन्माष्टमीको वास्तविक सार्थकता भएको उहाँको भनाइ छ । कुरुक्षेत्रको महायुद्धमा अर्जुनलाई भगवान् श्रीकृष्णले देखाउनुभएको कर्म र धैर्यको मार्गलाई आत्मसात् गर्दै मधेशको भाइचारा र करुणाको भूमिबाट पीडितलाई सहयोग तथा राहत पु-याउने सङ्कल्प गर्न प्रदेश प्रमुख कर्णले सबैमा आग्रहसमेत गर्नुभएको छ।

मुख्यमन्त्री कृष्णप्रसाद यादवले श्रीकृष्ण जन्माष्टमी जस्ता धार्मिक तथा सांस्कृतिक पर्वले समाजमा आपसी एकता, भाइचारा, सहिष्णुता र सामाजिक सद्भावलाई थप मजबुत बनाउने बताउनुभएको छ ।




# अवैध रूपमा नेपाल भित्र्याउँदै गरिएको ठूलो परिमाणको एप्पल एयरपोड्स सशस्त्र प्रहरीद्वारा बरामद

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २० भदौ**



महोत्तरीमा भारतबाट अवैध रूपमा नेपाल भित्र्याउँदै गरिएको ठूलो परिमाणको एप्पल एयरपोड्स सशस्त्र प्रहरीले बरामद गरेको छ। सोनमा गाउँपालिका-६ मगरथानाबाट शनिबार बिहान सशस्त्र प्रहरीको संयुक्त गस्ती टोलीले करिब २ करोड ४० लाख रुपैयाँ मूल्य बराबरका १ हजार २ सय थान एयरपोड्स नियन्त्रणमा लिएको हो। भारततर्फबाट अवैध रूपमा सामान ल्याउँदै गरेको अवस्थामा सशस्त्र प्रहरीको टोलीलाई देखेपछि त्यसमा संलग्न व्यक्तिहरू सामान छाडेर फरार भएका थिए । सशस्त्र प्रहरी बल नेपाल नं. ९ गण महोत्तरी, सीमा सुरक्षा गुल्म रघुनाथपुर तथा बोर्डर आउट पोस्ट खैरवनीबाट खटिएको संयुक्त टोलीले एयरपोड्स बरामद गरेको जनाइएको छ । बरामद सामान आवश्यक कानुनी कारबाहीका लागि सम्बन्धित निकायमा बुझाउने प्रक्रिया अघि बढाइएको सशस्त्र प्रहरीले जनाएको छ। प्रहरीले फरार भएका व्यक्तिहरूको पहिचान तथा खोजीसमेत अघि बढाएको छ।




# बेपत्ताका परिवारलाई सत्य सुचना देऊ

रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीलाई केवल प्राकृतिक विपत्तिका रूपमा पन्छाउन मिल्दैन । झन्डै पृथ्वीको एक कुना नै ध्वस्त भएका छन । भूगोलको हिसाबले नेपाल र चीनको सिमाना केरुङ र आसपासको भोटेकोशी नदी तटीय क्षेत्र परेका छन । यतिबेला मुलुक बाढीपीडितको खोज, उद्धार र राहतका लागि एकीकृत प्रणालीमा जाने भनेर सरकार एकलौटी मैदानमा रहेका छन । यो नेपालको राज्य क्षमता, विपद् व्यवस्थापन प्रणाली, राजनीतिक नेतृत्व, प्रशासनिक दक्षता र मानवीय संवेदनशीलताको एकैपटक भएको नयाँ सरकारको कठोर परीक्षा रहेका देखिन्छ । भदौ १० गते भोटेकोशीमा आएको हिमबाढीले रसुवागढी, टिमुरे, स्याफ्रुबेंसी हुँदै त्रिशूली करिडोरसम्म विशाल विनाश मच्चायो। मानवीय क्षतिको गहिराइ सडक, पुल, विद्युत् आयोजना र भौतिक संरचनाको क्षतिभन्दा धेरै ठूलो रहेका छन । भत्किएका सडक र बगेका पुलभन्दा ठूलो प्रश्न हो- समयमै उद्धार गर्न सकिएको भए कति मानिस बाँच्न सक्थे र समयमै उद्धार हुन नसक्दा कति जीवन गुमाउनुपर्‍यो ? १० दिन बित्दा पनि विद्युत् आयोजनाको सुरुङभित्र रहेका मानिसको कुनै उद्धार हुन सकेका छैनन् । र कति परिवार आफ्ना आफन्तको सासको प्रतीक्षामा छन् ? कति आमाबुबा आफ्ना छोराछोरीको खबर खोजिरहेका छन् ? कति श्रीमती आफ्ना श्रीमान् फर्किने आशामा बाटो हेरिरहेका छन् ? कति छोराछोरीले आफ्ना अभिभावकको प्रतीक्षा गरिरहेका छन् ? कति मानिस बाढीले बगाएका घर, संरचना र सुरुङभित्र जीवनसँग संघर्ष गरिरहेका छन् ? यी प्रश्नको उत्तर कुनै एउटा तथ्यांकले दिन सक्दैन ।

किनकि हरेक बेपत्ता केवल संख्या होइन। त्यसैले अहिलेको सबैभन्दा ठूलो राष्ट्रिय दायित्व सडक, पुल र आयोजना पुनर्निर्माण होइन । पहिलो दायित्व मानिस खोज्नु हो, जीवितलाई बचाउनु हो, घाइतेलाई उपचार गर्नु हो र बेपत्ताका परिवारलाई सत्य सूचना दिनु रहेको देखिन्छ ।

# हरेक दिन श्रीमान् फर्किने आशामा बाटो हेर्दै बसेकी पूजा अब प्रार्थनामा मात्रै अडिए

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २० भदौ**




भोटेकोशी बाढीपछि श्रीमान् अयज सिंह सम्पर्कविहीन भएपछि पूजा साहका लागि बितेका ११ दिन मानौं वर्षौंजस्ता बनेका छन् । हरेक दिन श्रीमान् फर्किने आशामा बाटो हेर्दै बसेकी पूजा अब प्रार्थनामा मात्रै अडिएकी छन् ।

सम्पर्कविहीन श्रीमानको अवस्था अज्ञात हुँदा परिवारमा पीडा र बेचैनी थपिँदै गएको छ । न श्रीमानको कुनै खबर आएको छ, न उहाँ कहाँ हुनुहुन्छ भन्ने जानकारी नै पाउन सकेकी छन् । यही अनिश्चितताबीच पूजाले शनिबार सामाजिक सञ्जाल फेसबुकमा आफ्नी छोरीको तस्बिर राख्दै मन छुने शब्दमा आफ्नो पीडा पोखिन् । 'बुढो, कति ढिला गरेको भगवान्,' भन्दै उनले लेखेकी छन्, 'जति कष्ट लेखिएको थियो, त्यो पनि भोगिसक्यौं । न खानाको ठेगान छ, न पानीको, न कुनै खबर । यस्तो पीडा अब कति सहनु भगवान?' पूजाका लागि जीवनमा श्रीमान् अयजभन्दा ठूलो अरू कुनै चाहना छैन । त्यसैले उनले भगवानसँग आफ्नो गल्ती वा पापको सजाय आफूलाई दिन आग्रह गर्दै श्रीमानलाई भने केही नहोस् भनेर प्रार्थना गरेकी छन् ।

'मैले जिन्दगीमा बुढो बाहेक अरू केही मागेकी छैन,' उनले लेखेकी छन्, 'यदि मबाट कुनै गल्ती भएको छ, कुनै पाप गरेको छु भने त्यसको सजाय मलाई दिनु, तर मेरो बुढोलाई केही नहोस् भगवान् ।' श्रीमानको प्रतीक्षामा रहेकी पूजाको पीडा अझ गहिरो बनाएको छ उनकी दुई महिनाकी छोरीले । आमाको अनुहारमा देखिएको पीडा बुझ्न नसक्ने उमेरकी छोरीले अझै बुवा कहाँ छन् भन्ने थाहा पाएकी छैनन् । त्यही निर्दोष बालिकाको तस्बिरसँगै पूजाले भगवानसँग श्रीमानलाई सकुशल फर्काइदिन याचना गरेकी छन् । 'मेरो बच्चाले त अहिलेसम्म केही बुझ्न पनि सकेको छैन ।

# १० औं दिन छोराको सकुशल उद्धार भएको खबर

**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, २० भदौ**




दस दिनदेखि ओछ्यानमै थिइन् तिलाठी कोइलाडी गाउँपालिका वडा नम्बर ४, साह टोलकी ५० वर्षीय कपुरदेवी साह । न खाना खान मन लाग्थ्यो, न कसैसँग बोल्न । आँखाअघि घुमिरहन्थ्यो त केवल छोरा सञ्जयको अनुहार । भोटेकोशी नदीमा भदौ १० गते आएको बाढीपछि छोरा सम्पर्कविहीन हुँदा आमाको संसार नै अँध्यारो भएको थियो ।

तर शुक्रबार बिहान करिब १० बजे सम्पर्कविहीन भएको १० औं दिन छोराको सकुशल उद्धार भएको खबरले दस दिनदेखिको त्यो अँध्यारो चिरिदियो । खबर सुन्नासाथ कपुरदेवी ओछ्यानबाट जुरुक्क उठ्नुभयो । आँसु झरे तर यस पटक ती आँसु पीडाका थिएनन् । उहाँले खाना खानुभयो, हिँड्न थाल्नुभयो । लामो समयदेखि शोकमा डुबेको घरमा एकाएक खुसी फर्कियो । "दस दिनदेखि छोरा सम्पर्कविहीन भएकाले शोकमा ओछ्यानमै थिएँ," कपुरदेवीले भन्नुभयो, "आज छोराको सकुशल उद्धार भएको खबर आएपछि ओछ्यानबाट उठेँ र खाना खाएँ ।"

तिलाठी कोइलाडी गाउँपालिका-४ का ३२ वर्षीय सञ्जय साह रसुवास्थित त्रिशूली थ्री 'ए' जलविद्युत् आयोजनामा मेकानिकल फोरम्यान पदमा कार्यरत हुनुहुन्छ । भोटेकोशी क्षेत्रमा आएको बाढीका कारण उहाँ आयोजनाको सुरुङभित्र सम्पर्कविहीन हुनुभएको थियो । उद्धारकर्ताले शुक्रबार बिहान उहाँलाई जीवितै उद्धार गरेका हुन् । सञ्जयसँग परिवारको अन्तिम सम्पर्क भदौ १० गते बिहान ७ बजेर ४५ मिनेटमा भएको थियो । भाइ सञ्जीव साहका अनुसार त्यस दिन दाजुसँग भिडियो कलमा कुरा भएको थियो तर फोनमा आवाज सुनिएन । त्यसपछि सञ्जयले मोबाइलको ब्याक क्यामेरा अन गरेर सुरुङभित्र रहेका मेसिन देखाउनुभएको थियो ।

"दाजुले सुरुङभित्रको मेसिन देखाउँदै हुनुहुन्थ्यो," सञ्जीवले भन्नुभयो, "त्यसै क्रममा करिब पाँच सेकेन्डमै फोन काटियो । त्यसपछि दाजुसँग सम्पर्क हुन सकेन ।" त्यसपछि सुरु भयो परिवारको प्रतीक्षा । हरेक क्षण सञ्जयको खबरको पर्खाइमा बित्न थाल्यो ।


## फाउन्डर इन्भेस्टमेन्ट प्रा.लि.
**जनकपुरधाम–४,धनुषा**

### दोस्रो साधारण सभा सम्बन्धी सार्वजनिक सूचना

**सूचना प्रकाशन मिति : २०८३।०५।२१**

यस फाउन्डर इन्भेस्टमेन्ट प्रा.लि.को संचालक समितिको मिति २०८३ । ०५। १२ गते बसेको बैठकको निर्णयानुसार कम्पनीको दोस्रो साधारण सभा तपसिलको मिति,समय र स्थानमा आयोजना हुने भएकोले उक्त साधारण सभामा संस्थाका सम्पूर्ण पदाधिकारी तथा सदस्यज्यूहरुलाई उपस्थितिको लागि हार्दिक आमन्त्रण गर्दछौं ।

**तपसिल :**

**मिति : २०८३ भाद्र २८ गते आईतबार**
**समय : विहान ८ बजेदेखि**
**स्थान : होटल डिभाइन इन(Hotel Divine INN),रामानन्द चौक, जनकपुरधाम,मधेस प्रदेश**

**आयोजक**
फाउन्डर इन्भेस्टमेन्ट प्रा.लि.
जनकपुरधाम–४,धनुषा


## तपाईको टुडे

मेष: पिछडेको साथी मिल्ने
वृष: मनमा पछुतो आउने
मिथून: खानपानमा समस्या आउने
कर्कट: अनावश्यक खर्चको संभावना
सिंह: अशुभ समाचार प्राप्त हुने
कन्या: अनावश्यक चिन्ता
तुला: लामो यात्राको योग छ
वृश्चिक: आम्दानी हुने
धनु: शुभ कार्यको शुरुवात
मकर: मित्रतामा फाटो आउने
कूम्भ: विचार गरेर बोल्नुहोला
मीन: पढाईमा ध्यान दिनुपर्ने



## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।




आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# युक्रेन युद्ध अन्त्य गर्न ट्रम्पले विशेष दूत मस्को र किएभ पठाउने



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २० भदौ**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चार वर्षभन्दा लामो समयदेखि जारी युक्रेन युद्ध अन्त्य गर्ने प्रयासस्वरूप आफ्ना विशेष दूत स्टिभ विट्कफ र जेरेड कुशनरलाई मस्को र किएभ पठाउने घोषणा गरेका छन् ।

ट्रम्पका अनुसार दुवै वार्ताकारले शान्ति सम्झौताको सम्भावना खोज्नेछन् र युद्ध अन्त्य गर्ने प्रस्तावसमेत लिएर जानेछन्। उनीहरूले शनिबार मस्कोमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र आइतबार किएभमा युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीसँग भेटवार्ता गर्ने बताइएको छ। युक्रेनका एक वरिष्ठ अधिकारीका अनुसार विट्कफ र कुशनर आइतबार किएभ पुग्ने कार्यक्रम छ। तर, क्रेमलिनले उनीहरूको भ्रमणबारे तत्काल कुनै टिप्पणी गरेको छैन ।

ट्रम्पले आफूले पठाएका दुवै वार्ताकारले यसअघि गाजा र इरानसम्बन्धी युद्धविराम वार्तामा महत्त्वपूर्ण भूमिका खेलेको बताए। उनले शान्ति स्थापनाका लागि आफ्नो प्रशासनसँग स्पष्ट योजना रहेको दाबी गरे। यद्यपि, प्रस्तावमा युक्रेनले आफ्नो भूभागको केही हिस्सा रुसलाई छोड्नुपर्ने विषय समावेश छ कि छैन भन्नेबारे ट्रम्पले स्पष्ट पारेनन् । अमेरिकी कूटनीतिक प्रयास भइरहेका बेला रुस र युक्रेनबीच लामो दूरीका क्षेप्यास्त्र तथा ड्रोन आक्रमण भने तीव्र बनेका छन् । पछिल्ला आक्रमणका कारण सर्वसाधारणको मृत्यु र घाइते हुने क्रम पनि बढेको छ । ट्रम्पको घोषणा हुनुभन्दा केही घण्टाअघि रुसी ड्रोनले युक्रेनको राजधानी किएभस्थित सुरक्षा सेवाको मुख्यालयमा आक्रमण गरेको युक्रेनी राष्ट्रपति जेलेन्स्कीले बताए । उनका अनुसार आक्रमण सुरक्षा निकायका कार्यवाहक प्रमुखको कार्यालयलाई लक्षित गरिएको थियो ।

युद्ध सुरु भएयता सुरक्षा सेवा मुख्यालयमा भएको यो पहिलो आक्रमण भएको बताइएको छ । आक्रमणपछि जेलेन्स्कीले अमेरिकी दूतहरूको भ्रमण अवधिभर अस्थायी युद्धविरामको प्रस्ताव गरेका छन् ।

# बसमै यात्रा गर्दै फिल्मको टिकट काट्न सकिने: 'झिङ्गे दाउ २' र नेपाल यातायातबिच सहकार्य

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २० भदौ**




आगामी असोज २ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'झिङ्गे दाउ २' ले प्रचारप्रसारका लागि फरक शैली अपनाएको छ । रिलिजको दुई साता बाँकी रहँदा निर्माण टिमले प्रत्यक्ष रूपमा दर्शकसम्म पुग्न नेपाल यातायातसँग सहकार्य गरेको छ। सहकार्य अनुसार नेपाल यातायातका ८० वटा बसका सिट कभरमार्फत फिल्मको टिकट काट्न सकिने व्यवस्था मिलाइएको छ । यसबाट नेपाल यातायातमा यात्रा गर्ने धेरै यात्रुले फिल्मबारे प्रत्यक्ष जानकारी पाउनेछन् ।

सिट कभरमा 'झिङ्गे दाउ २' का दुई वटा क्यूआर कोड राखिएका छन् । जसमध्ये एउटा क्यूआर कोड स्क्यान गरेर फिल्मको टिजर हेर्न सकिनेछ भने अर्को क्यूआर कोडबाट क्युएफएक्स चेनका सबै हलका लागि टिकट काट्न सकिने व्यवस्था गरिएको छ । ज्ञानेन्द्र देउजाको निर्देशनमा तयार भएको यो फिल्म कपनगढी सिनेमा प्रा.लि. र फिल्म क्रियु नेपाल प्रा.लि.को ब्यानरमा निर्माण भएको हो। फिल्ममा सुलभ प्रतीक देउजा र समीक्षा देउजाको लगानी रहेको छ भने रोशनी अधिकारी देउजा र नीतु श्रेष्ठ देउजा सहनिर्माता हुन् । फिल्ममा केकी अधिकारी र आँचल शर्माका साथमा महेश त्रिपाठी, कुशल विष्ट, आर्यन सिग्देल, हिउँवाला गौतम, सरोज खनाल, वसुन्धरा भुसाल, चैत्यदेवी सिंह, सङ्गम भण्डारी, विजय देउजा, अंशु महर्जन, अभयराज बराल, उत्तम केसी, आशा भुसाल लगायतका कलाकारको अभिनय रहेको छ ।

# जनकपुरधामका विभिन्न क्षेत्रमा आइतबार विद्युत् आपूर्ति अवरुद्ध हुने

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २० भदौ**

नेपाल विद्युत् प्राधिकरण जनकपुर वितरण केन्द्रले जनकपुरधामका विभिन्न क्षेत्रमा आइतबार विद्युत् आपूर्ति अवरुद्ध हुने जनाएको छ । प्राधिकरणका अनुसार जीर्ण अवस्थामा रहेका विद्युत् पोलहरू परिवर्तन गर्ने तथा विद्युत् लाइनमा



छोएका रुखका हाँगाहरू काट्ने कार्यका लागि आइतबार बिहान ७ बजेदेखि दिउँसो ३ बजेसम्म विद्युत् सेवा प्रभावित हुन सक्नेछ । उक्त अवधिमा सिटी-३ र रिङ फिडर अन्तर्गतका क्षेत्रमा विद्युत् आपूर्ति अवरुद्ध हुने प्राधिकरणले जनाएको छ । विद्युत् सेवा प्रभावित हुने प्रमुख क्षेत्रहरूमा मिल्स एरिया, कदमचोक, रेल्वे स्टेशन, कपिलेश्वर, महुवा, मालपोत कार्यालय आसपास, पिररिया माइस्थान, कुवा, रामपुर, लोहना, हनुमाननगर, प्रदेश सभा भवन, माछापालन क्षेत्र, विमानस्थल तथा धनौजी गाउँपालिका लगायत रहेका छन् ।


## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**लोहारपट्टी नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**



## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**रामगोपालपुर नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**



## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**मटिहानी नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**



## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**बलवा नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

# विपद्मा नागरिकको अधिकार संरक्षण

-विनाशकारी बाढीले हजारौं नागरिकको जीवन, आवास, रोजगारी, शिक्षा र स्वास्थ्य अधिकारमा गम्भीर असर पुर्‍याएको छ। विपद् रोक्न नसके पनि राज्यले प्रभावकारी उद्धार, पर्याप्त राहत, सुरक्षित आवास, सम्मानजनक पुनःस्थापना र कमजोर समुदायको अधिकार संरक्षण सुनिश्चित गर्नुपर्छ। तीनै तहका सरकारबीच समन्वय गर्दै स्रोतसाधन परिचालन, पूर्वसूचना प्रणाली र सुरक्षित पूर्वाधारमार्फत नागरिकको मानवअधिकारप्रति राज्यले अभिभावकीय जिम्मेवारी पूरा गर्नुपर्ने देखिन्छ। सन् २०२३ मै राष्ट्रसंघको महासचिव एन्टोनियो गुटेरेसले 'ग्लोबल बोइलिङ' को युग सुरु भयो भनेका थिए। नेपालमा फेरि विपद् बाजा बजाएर आएन। रफ्तारमा आयो र सुनामीसरह बाढीको त्रासदीमय दृश्य विश्व समुदायले देखे। यो विनाशकारी बाढीले नेपालको विभिन्न ठाउँमा धनजनको क्षति गर्दै बज्रपात मच्चाएको छ। यो विपद्ले लाखौं मान्छेलाई प्रभावित पार्नुका साथै देशलाई खर्बौंको क्षति गराएको छ। हामी जलावायुजन्य विपद् रोक्ने अवस्थामा छैनौं तर यस्ता किसिमको प्रलयबाट मानिसलाई अधिकारविहीन हुनबाट भने रोक्न सकिन्छ।

राज्यले नागरिकको जीवन मात्र जोगाउने होइन, उनीहरूको अधिकार, सम्मान र भविष्यसमेत जोगाउनुपर्छ।१० भदौमा आएको भोटेकोशी बाढीले नेपाल र तिब्बतमा हजारभन्दा बढीको मृत्यु भएको छ भने हजारौं सम्पर्कविहीन छन्। त्यस्तै, कम साधन स्रोतको बाबजुद सुरक्षा निकायहरूले जतिसक्दो धेरैलाई युद्धस्तरमा उद्धार गरेका छन्। हालसम्म १३ हजारभन्दा बढीको उद्धार भएको सरकारी तथ्यांक छ। अझै पनि सयौं पर्यटक, सुरक्षाकर्मी, मजदुर तथा कर्मचारीको स्थिति अज्ञात छ। युनिसेफका अनुसार यस विपद्बाट १७ हजार बालबालिका प्रभावित हुने देखाएको छ भने रेडक्रसका अनुसार ९३ हजार मानिस प्रत्यक्ष प्रभावित हुने उल्लेख छ। हामी जलावायुजन्य विपद् रोक्ने अवस्थामा छैनौं तर यस्ता किसिमको प्रलयबाट मानिसलाई अधिकारविहीन हुनबाट भने रोक्न सकिन्छ। राज्यले नागरिकको जीवन मात्र जोगाउने होइन, उनीहरूको अधिकार, सम्मान र भविष्यसमेत जोगाउनुपर्छ। केही समयको बाढीले बासस्थान उजाड बनाइदियो, घर, बस्ती, बजार, जीविका बगाइदियो र परिवार तितरबितर पारिदियो।

त्यसैले, अहिले जीवित भएकाहरूको अधिकारको सवाल छ। यस लेखमा विपद्को समयमा जनताको मानवअधिकारमा पार्ने प्रभाव र राज्यको दायित्वका बारेमा चर्चा गरिन्छ। विपद्ले जनताको सम्मानपूर्वक बाँच्न पाउने हक खोसेको छ। गाउँ नै बगाएको छ त कतै ठाउँ नै खण्डहर भएको छ। धेरैलाई घरबारविहीन सुकुमवासी त कतिलाई सम्पत्तिविहीन गरिब बनाइदिएको छ। बालबालिकालाई अभिभावकविहीन बनाइदिएको छ। बेरोजगारी तथा गरिबी बढ्ने भएको छ। सम्बन्धित क्षेत्रका बासिन्दा आन्तरिक रूपमा विस्थापित नागरिकको परिचय बोक्नुपर्ने हुन्छ। धेरैको रोजीरोटी खोसिएको छ। परिवारलाई नै क्षतविक्षत गराइदिएको छ भने कतै परिवारको एक सदस्य मात्र जीवित हुन सकेको अवस्था छ। मान्छेको सर्वस्व गुमेको अवस्था छ। कहाँ जाने, के गर्ने भन्ने टुंगो छैन। त्यस क्षेत्रका सर्वसाधारण त्राहीत्राही छन्। त्यस्तै, मुख्य राजमार्गको ठूलो हिस्सा तथा बेलिब्रिज र झोलुंगे पुलहरू बाढीले बगाइदिएको छ। प्रभावित गाउँमा नाकाबन्दीजस्तो अवस्था छ। यसले आपूर्ति शृंखला प्रभावित भई सम्बन्धित क्षेत्रका जनतामा खानेपानी तथा खाद्यान्नको अभाव हुन थालेको छ। विद्युत् आपूर्ति प्रभावित बनेको छ। सम्पर्कको माध्यम अस्तव्यस्त भएको छ। त्यस्तै काठमाडौं छिर्ने बाटोमा सडक भासिएपछि थप उद्धारमा कठिनाइ तथा जनताले समस्या भोग्नुपरेको छ। राहत समयमै पुर्‍याउन चुनौती थपिएको छ। सबैभन्दा बढी प्रभावितमध्ये महिला, बालबालिका, वृद्ध, दीर्घरोगी, दलित तथा अपांग भएका व्यक्ति छन्।

राज्यले सबैभन्दा सीमान्तकृत, कमजोर तथा जोखिममा रहेका समुदायलाई सामाजिक न्यायको हकको दृष्टिबाट हेर्दै अधिकारको प्रत्याभूत गर्न अग्रसरता देखाउनुपर्छ। यो विनाशकारी प्रलयले दुई दर्जनजति विद्यालय क्षतिग्रस्त भएका छन्। हालसम्म ६० भन्दा बढी बालबालिकाको शव भेटिएको छ। विपद्बाट जोगिएका बालबालिकाको समेत कतिपयको आमाबुबा मृत वा सम्पर्कविहीन हुँदा आमाबुबाबाट संरक्षण पाउने हक गुमाएका छन्। त्यस्तै, बालबालिका तथा विद्यार्थीले शिक्षा पाउने हक गुमाउने र वञ्चित हुने अवस्था छ। युनिसेफकै अनुसार १० हजार विद्यालय जाने उमेरका बालबालिका निरन्तर शिक्षाका लागि तत्काल सहयोगको पर्खाइमा छन्। स्थानीय पालिका तथा वडा कार्यालय नै बगाएको वा क्षतिग्रस्त भएको अवस्था छ। त्यसबाट जनताले नजिकको सरकारबाट पाउनुपर्ने सहयोगबाट वञ्चित हुनुपरेको छ।

यो प्रलयले राज्यलाई निरन्तर कर तिरेर बसेकालाई एकाएक कागजविहीन र लालपुर्जाविहीन बनाइदिएको छ। मान्छे किन सुकुमवासी हुन सक्छ भन्ने यथार्थ चित्र यो विपद्ले देखाइदिएको छ। त्यसैले मानिसको आवासको हक हनन हुन नदिन राज्यले तत्काल सुरक्षित तथा सम्मानजनक पुनर्वासका लागि प्राथमिकता दिन जरुरी देखिन्छ। घाइतेलाई आवश्यक पर्ने स्वास्थ्य उपचार र मानसिक स्वास्थ्यलाई प्राथमिकता दिनुपर्छ।



विपद्मा राज्यको दायित्व नै जनताको जीउधनको सुरक्षा गर्नु हुन्छ। केन्द्र, प्रदेश तथा स्थानीय सरकारले अब उद्धार, राहत, सम्मानजनक पुनःस्थापना तथा पुनर्निर्माणमा कुनै कसर बाँकी राख्नु हुँदैन।

तीनै तहको सरकारबीच आपसी परामर्श, समन्वय तथा सहकार्य हुनु जरुरी छ। राज्यको सम्पूर्ण शक्ति परिचालन गर्नु अपरिहार्य हुन्छ। राज्यको स्रोत साधनले नहुनेजस्तो देखिए अन्तर्राष्ट्रिय सहयोगका लागि अपिल गर्नु तथा आएको सहयोग स्विकार्नुको विकल्प छैन। यद्यपि, सरकारले उद्धारमा तदारुकता देखाए पनि केही सुरुवातमै कमीकमजोरी भएका छन्। खोज तथा उद्धारमा अन्तर्राष्ट्रिय सहयोग आएर स्वीकार्न ढिलाइ गरेको भन्नेमा सत्यता हो भने त्यो गलत हो। मानिस अझै त्रसित छन्। हाम्रो जस्तो भूबनोट भएको ठाउँमा प्राकृतिक विपद्लाई पूर्ण रूपमा रोक्न राज्य सक्षम नहुन सक्छ तर जोखिमको रणनीतिक रूपले पहिचान गर्ने, प्रभावकारी उद्धार, सुरक्षित आवास, सम्मानजनक पुनःस्थापना र सुरक्षित पूर्वाधारमा राज्यले प्रभावकारी कदम चाल्न सक्छ।

नेपालको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले विपद् व्यवस्थापनलाई केवल राहतमा सीमित गरेको छैन। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नीति, २०७५ ले विपद् जोखिम न्यूनीकरणलाई विकास प्रक्रियासँग जोडेको छ। हामीले हस्ताक्षर गरेको जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौता, २०१५ को धारा ७ मा जलवायु अनुकूलनका बारेमा लेखिएको छ। नेपालजस्तो देशका लागि अनुकूलन भन्नाले कार्बन न्यूनीकरणका रूपमा मात्र नभएर मानिसको जीवन, बासस्थान, खाद्य सुरक्षा, स्वास्थ्य तथा सुरक्षित पूर्वाधारमा जोड दिने कामसमेत हो। मान्छे आफ्नो घर तथा ठाउँ छाड्नु परेर आन्तरिक रूपमै विस्थापित हुन बाध्य भएका छन्। सन् १९९८ को आन्तरिक विस्थापित सम्बन्धी संयुक्त राष्ट्रसंघीय मार्गदर्शक सिद्धान्तसमेत आकर्षित हुने हुन्छ। सिद्धान्त अनुसार त्यस्ता नागरिकलाई राज्यले आधारभूत आवश्यकता र भेदभावबिनाको व्यवहार गर्नुपर्छ। संयुक्त राष्ट्रसंघ मानवअधिकार समितिले ३० अक्टोबर २०१८ मा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि (१९६६) को धारा ६ मा रहेको जीवनको अधिकारमा टिप्पणी गर्दै 'सामान्य टिप्पणी नम्बर ३६' पारित गर्‍यो। यसले प्राकृतिक प्रकोप, जलवायुसम्बन्धी आपत्काल र संकटका बेला जीवनको अधिकार प्रत्याभूति गर्न राज्यका दायित्वबारे प्रस्ट पारेको छ। यसमा प्राकृतिक तथा मानव निर्मित प्रकोपको पूर्वानुमान गर्न सकिने खतराहरूबाट व्यक्तिहरूको रक्षा गर्न राज्यले सक्रिय र उचित कदम चाल्नुपर्ने हुन्छ।

साधार : कान्तिपुर।

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस।"



सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने।
– नाता कायम गर्न सजिलो पर्ने।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने।

अनुरोधकर्ता
धनौजी गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने।
– नाता कायम गर्न सजिलो पर्ने।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने।

अनुरोधकर्ता
शहिदनगर नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday